# एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१)*

## प्रस्तावना

विश्वव्यापी रूपमा भइरहेका मानवअधिकार उल्लङ्घन र ज्यादतीका सन्दर्भमा मानवअधिकारको प्रवर्धन तथा संरक्षणका लागि एक गैरनाफामूलक, गैरसरकारी, गैरराजनीतिक संस्थाको सान्दर्भिकता महसुस गर्दै अन्तर्राष्ट्रिय स्तरमा ख्याति प्राप्त मानवअधिकार अभियान एम्नेस्टी इन्टरनेसनलको विधानसँग मिल्दोजुल्दो यस विधानको प्रारूप तयार गरी एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखाको स्थापनाका लागि संस्था दर्ता ऐन, २०३४ को अधिनमा रही यो विधान तयार गरिएको हो।

## भाग-१
## प्रारम्भिक

### १. एम्नेस्टी इन्टरनेसनल नेपालको स्थापनाः

(१) यो विधानको नाम एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) हुने छ। यो विधान स्वीकृत भएपछि एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको स्थापना भएको मानिने छ। नेपाल शाखा भन्नाले नेपालको प्रचलित कानुनअनुसार कार्य गर्ने स्वायत्त संस्था भन्ने बुझिनेछ। यसलाई छोटकरीमा एम्नेस्टी नेपाल (Amnesty Nepal) भनेर चिनिनेछ।

(२) यो एक गैरनाफामूलक, गैरसरकारी तथा गैरराजनीतिक संस्था हुने छ।

(३) एम्नेस्टी नेपालको स्वतन्त्र कानुनी अस्तित्व हुने छ। यसको हैसियत कानुनी व्यक्ति सरह हुनेछ।

### २. ठेगाना र कार्यक्षेत्र

(१) यो संस्थाको कार्यालय काठमाडौंमा अवस्थित हुने छ र हाल यसको ठेगाना यस प्रकार हुने छः

एम्नेस्टी इन्टरनेसनल नेपाल
एम्नेस्टी मार्ग, बसन्तनगर, बालाजु
पो.ब.नं. १३५, काठमाडौं, नेपाल।

(२) यस संस्थाको कार्यक्षेत्र काठमाडौंमा भई स्थानीय अधिकारीको स्वीकृति लिएर नेपालभरी रहनेछ।

### ३. प्रारम्भ

यो विधान एम्नेस्टी नेपाल शाखाको साधारणसभाबाट पारित भई एम्नेस्टी इन्टरनेसनलको इन्टरनेसनल बोर्ड (International Board) र नेपाल सरकारले तोकेको निकायको स्वीकृति पश्चात लागू हुनेछ।

### ४. परिभाषा

विषय वा प्रसङ्गले अर्को अर्थ लागेमा बाहेक यस विधानमा :

(१) "विधान" भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान २०५८ (सन् २००१) को नवौं संशोधन २०८२ (सन् २०२५) समेतलाई जनाउने छ।

(२) "एम्नेस्टी इन्टरनेसनल" भन्नाले बेलायतको लण्डनमा मुख्य कार्यालय भएको अन्तर्राष्ट्रिय मानवअधिकार संस्था एम्नेस्टी इन्टरनेसनललाई जनाउनेछ।

* *३४औं साधारणसभा र जिल्ला प्रशासन कार्यालय, काठमाडौंद्वारा स्वीकृत*

(३) “संस्था” वा “एम्नेस्टी नेपाल” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखालाई जनाउने छ।

(४) “आई.एस.” भन्नाले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(५) नेसनल बोर्ड (National Board) भन्नाले एम्नेस्टी नेपालको भाग ४ दफा ११ को उपदफा (१) बमोजिम गठित नेसनल बोर्ड लाई जनाउनेछ।

(६) “सदस्य” भन्नाले एम्नेस्टी इन्टरनेसनलको सिद्धान्त, आदर्श र विधानलाई स्वीकार्ने र यो विधानको भाग ३ दफा ७ बमोजिम “सदस्यता प्रकार र प्राप्ति” खण्डमा उल्लिखित शर्तहरू पुरा गरी सदस्यता प्राप्त गरेका व्यक्तिगत सदस्य, समूह सदस्य, युथनेटवर्क सदस्य र मानार्थ सदस्यहरूलाई जनाउने छ।

(७) “स्थानीय अधिकारी” भन्नाले सम्बन्धित जिल्लाको प्रमुख जिल्ला अधिकारीलाई बुझाउने छ।

(८) “स्थानीय तह” भन्नाले सम्बन्धित गाऊँपालिका, नगर/उपमहानगर/महानगरपालिका, जिल्ला समन्वय समितिलाई बुझाउने छ।

(९) “समूह (Group)” भन्नाले स्थानीय स्तरमा कार्य गर्न एम्नेस्टी इन्टरनेसनल नेपालबाट मान्यता प्राप्त समूहलाई जनाउने छ।

(१०) “युथ नेटवर्क (Youth Network)” भन्नाले एम्नेस्टी नेपालले सञ्चालन गर्ने अभियानका उद्देश्यमा आधारित भई विभिन्न गतिविधि गर्नका लागि एम्नेस्टी नेपालबाट युवा सदस्यता लिएका व्यक्तिहरूको स्थानीय नेटवर्कलाई जनाउने छ।

(११) “निर्माणाधिन समूह (Group-in-Formation)” भन्नाले समूहको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको समूहलाई जनाउने छ।

(१२) “निर्माणाधीन युथ नेटवर्क (Youth Network-in-Formation)” भन्नाले युथ नेटवर्कको मान्यता प्राप्त भइनसकेको परीक्षणको क्रममा रहेको युथ नेटवर्कलाई जनाउने छ।

(१३) “तोकिएबमोजिम” भन्नाले यो विधान र यसअन्तर्गत बनेका नियम, उपनियम वा यो विधानअन्तर्गत बनेका अख्तियारप्राप्त नेसनल बोर्ड, समिति र उपसमितिले तोकेबमोजिमका विषयहरूलाई जनाउने छ।

(१४) “पुनरावेदन समिति” भन्नाले एम्नेस्टी नेपालको साधारण सभाबाट विधानको दफा १३ को उपदफा (१) बमोजिम निर्वाचित हुने पुनरावेदन समितिलाई जनाउने छ।

(१५) “नोमिनेसन कमिटि (Nomination Committee)” भन्नाले यस विधानको दफा १२ बमोजिमको कमिटिलाई जनाउनेछ।

(१६) “प्रेपरेटोरी कमिटि (Preparatory Committee)” भन्नाले यस विधानको दफा १४ बमोजिमको कमिटिलाई जनाउनेछ। यसलाई छोटकरीमा प्रेपकम (PrepCom) भनेर पनि बुझिनेछ।

(१७) “राष्ट्रिय सचिवालय” भन्नाले एम्नेस्टी नेपालको राष्ट्रिय सचिवालयलाई जनाउने छ।

(१८) “अध्यक्ष” भन्नाले एम्नेस्टी नेपालका अध्यक्षलाई जनाउने छ।

(१९) “निर्देशक” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाका निर्देशकलाई जनाउने छ।

(२०) “नेसनल बोर्ड पदाधिकारी” भन्नाले “नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष र सदस्यहरूलाई जनाउने छ।

(२१) “पुनरावेदन समितिका पदाधिकारी” भन्नाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको पुनरावेदन समितिका संयोजक र सदस्यहरूलाई जनाउने छ।

(२२) “साधारण सभा” भन्नाले यस विधानको दफा ९ मा व्यवस्था गरिएबमोजिमको सभालाई जनाउने छ।

(२३) “सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला (Members' Province/Regional Forum)" भन्नाले यस विधानको दफा १० मा व्यवस्था गरिएबमोजिमको भेलालाई जनाउने छ। यसलाई छोटकरीमा क्षेत्रीय भेला (Regional Forum) पनि भनिनेछ।

(२४) “नेपाल शाखा” भन्नाले एम्नेस्टी इन्टरनेसनलको नेपाल शाखालाई जनाउने छ।

## ५. एम्नेस्टी नेपालको प्रतीक चिन्ह तथा छाप

(१) आयाताकार पहेंलो पृष्ठभूमिमा दायाँतर्फ काँडेतारले बेरिएको बलिरहेको मैनबत्ति र बायाँतर्फ पहिलो हरफमा "एम्नेस्टी" र दोस्रो हरफमा "इन्टरनेसनल" लेखिएको र दुवै हरफहरूको लम्बाई बराबर भएको तथा पहेंलो भागको ठिक तल पहेंलो भागको लम्बाईको बराबर हुनेगरी "एम्नेस्टी इन्टरनेसनल नेपाल" लेखिएको (अनुसूची १ अनुसारको) एम्नेस्टी नेपालको प्रतीक चिन्ह हुनेछ।

(२) यस संस्थाको प्रतीक चिन्ह अङ्कित भएको एक छाप हुने छ।

# भाग-२
# परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश

## ६. यस संस्थाको परिदृश्य, उद्देश्य, मूल आदर्श, कार्यविधि र कार्यदिश निम्नबमोजिम हुनेछः

### ६.१. परिदृश्यः

मानवअधिकारको विश्वव्यापी घोषणापत्र तथा मानवअधिकारसम्बन्धी अन्य अन्तर्राष्ट्रिय दस्तावेजहरूले प्रत्याभूत गरेका मानवअधिकारहरूलाई संसारका हरेक व्यक्तिले स्वतन्त्रतापूर्वक उपभोग र प्राप्ति गर्न पाएको विश्व नै एम्नेस्टी इन्टरनेसनल नेपालको परिदृष्य हुनेछ।

### ६.२. उद्देश्यः

एम्नेस्टी नेपालको परिदृश्यलाई साकार पार्न सबै प्रकृतिका मानवअधिकारहरूको गम्भीर उल्लङ्घन र ज्यादतीको रोकथाम र अन्त्यका लागि अध्ययन-अनुसन्धान तथा अभियानहरू सञ्चालन गर्नु एवं मानवअधिकार प्रवर्धनका लागि कार्य गर्नु एम्नेस्टी इन्टरनेसनल नेपालको उद्देश्य रहेको छ।

### ६.३. मूल आदर्शः

मानव जीवनमा हुने सबै प्रकारका भेदभावको अन्त्य, स्वतन्त्रता, निष्पक्षता, अन्तर्राष्ट्रिय ऐक्यबद्धता, विश्वव्यापकता, अविभाज्यता, अन्तर्निर्भरता, प्रजातान्त्रिक अभ्यास र आचरण तथा आपसी सद्भावको सिद्धान्तमा आधारित मानवअधिकार रक्षकहरूको विश्व समुदाय निर्माण गर्ने।

### ६.४. कार्यविधिः

(क) मानवअधिकारसम्बन्धी कुनै निश्चित घटना वा ज्यादतीका सम्बन्धमा एम्नेस्टी इन्टरनेसनलका तर्फबाट गरिएका अनुसन्धानहरूका आधारमा प्राप्त तथ्यहरूलाई सार्वजनिक गरी कुनै पनि देशका सरकार, कम्पनीहरू, अन्तरसरकारी संस्था, सशस्त्र राजनीतिक समूह तथा अन्य गैरराज्य पक्षबाट भएका मानवअधिकार उल्लङ्घन र ज्यादती रोक्नका लागि एम्नेस्टी नेपालमा आबद्ध सदस्य, यसका सहयोगीहरू र मानवअधिकार रक्षकहरूद्वारा नेपालको कानुनको परिधिभित्र रही दबाब सिर्जना गरिने छ।

(ख) मानवअधिकार उल्लङ्घन र ज्यादतीको रोकथामका लागि सरकारहरूलाई कानुनी शासनको सिद्धान्तको पालना गर्न र मानवअधिकारसम्बन्धी अन्तर्राष्ट्रिय दस्तावेजहरू अनुमोदन एवं कार्यान्वयनका लागि आह्वान गर्ने छ। मानवअधिकार शिक्षाका विभिन्न कार्यक्रमहरू सञ्चालन गर्नुका साथै अन्तरसरकारी सङ्गठन, व्यक्ति तथा समाजका हरेक अङ्गलाई मानवअधिकारको सम्मान र समर्थन गर्न प्रोत्साहित गर्ने छ।

### ६.५. कार्यदिश

एम्नेस्टी इन्टरनेसनलबाट विश्वव्यापी रूपमा मानवअधिकारको प्रवर्धन र संरक्षणका लागि सञ्चालित विभिन्न अभियानप्रति ऐक्यबद्धता प्रकट गर्न, सहभागी हुन र वकालत गर्न एम्नेस्टी नेपाल क्रियाशील हुनेछ। एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयबाट प्राप्त कार्यक्रम र एम्नेस्टी नेपालको वार्षिक साधारण सभाबाट पारित गरिएका वार्षिक कार्यक्रमहरू (Annual Work Plan) का आधारमा

राष्ट्रिय सचिवालयले एम्नेस्टी नेपालमा आबद्ध सदस्य, समूह तथा युथ नेटवर्कहरूलाई अभियानसम्बन्धी गतिविधिहरूमा संलग्न हुन निरन्तर *एक्सन सर्कुलर* (Action Circular)हरू जारी गर्नेछ। यसरी अभियान सञ्चालन गर्दा नेपालमा भएका मानवअधिकार उल्लङ्घन र ज्यादतीसम्बन्धी घटनाहरूको बारेमा एम्नेस्टी नेपालले एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयसँगको परामर्शका आधारमा भएको अनुसन्धान र अध्ययन पछिमात्र आफ्नो धारणा र अभिव्यक्ति राख्नेछ जसलाई एम्नेस्टी नेपालमा आबद्ध समूह, निर्माणाधिन समूह, युथ नेटवर्क तथा व्यक्तिगत सदस्यहरूले अक्षरशः पालना गर्नुपर्नेछ र उनीहरूले आफ्नै निर्णयका आधारमा कुनै धारणा बनाउने वा अन्य गतिविधिहरू गर्ने कार्य गर्न पाउने छैनन्।

## भाग-३
## सदस्यता

### ७. सदस्यताको प्रकार र प्राप्ति

#### ७.१. सदस्यताको प्रकार

**(क) व्यक्तिगत सदस्यताः**

संस्थाको विधान र उद्देश्यहरूको पालना गर्दै संस्थाको अभियानमा सहयोग पुर्याउन चाहने १६ वर्ष र सोभन्दा माथिका कुनै पनि नागरिकले आस्था, धर्म, वर्ण, लिङ्ग, उत्पत्ति तथा भाषाका आधारमा कुनै विभेद बिना निर्धारित शुल्क तिरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको सचिवालयबाट व्यक्तिगत सदस्यता (individual membership) प्राप्त गर्न सक्नेछन्। व्यक्तिगत सदस्यहरू एम्नेस्टी नेपालको मानवअधिकार अभियानहरूमा संलग्न हुन, नेतृत्वका लागि प्रतिस्पर्धामा सहभागिता जनाउन र निर्णय प्रकृयामा तोकिएबमोजिम सहभागिता जनाउन पाउने छन्। कुनै समूह वा युथनेटवर्क मातहतबाट एम्नेस्टी नेपाल शाखाको सदस्यता लिएका सदस्यहरूले उक्त समूह वा युथनेटवर्कअन्तर्गतको सदस्यता अवधि समाप्त भएपछि मात्र व्यक्तिगत सदस्यता लिन पाउने छन्।

**(ख) समूह सदस्यताः**

एम्नेस्टी नेपालको विधान र उद्देश्यहरूको पालना गर्दै शाखाको अभियानमा सहयोग पु¥याउन र सहभागी हुन चाहने १६ वर्ष वा सोभन्दा माथिका कुनै पनि व्यक्तिले आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषाका आधारमा विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध समूह वा निर्माणाधिन समूहको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा एम्नेस्टी नेपाल शाखाको समूहगत सदस्यता प्राप्त गर्न सक्नेछन्। यस्ता सदस्यहरूलाई सम्बन्धित समूहमा र सम्बन्धित समूहमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

**(ग) युथ नेटवर्क सदस्यताः**

एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधानको पालना गर्दै यसको परिदृष्य र उद्देश्यहरू प्राप्ति गर्ने अभियानमा सहयोग पुर्याउन र सहभागी हुन चाहने १६ देखि २५ वर्ष उमेर समूहका कुनै पनि व्यक्तिले निर्धारित शुल्क तिरी आस्था, धर्म, वर्ण, लिङ्ग उत्पत्ति तथा भाषा वा अन्य कुनै आधारमा कुनै विभेद बिना एम्नेस्टी नेपालमा आबद्ध युथ नेटवर्कको कार्यसमितिले तोकेको पदाधिकारीको सिफारिसमा वा सोझै राष्ट्रिय सचिवालयमार्फत एम्नेस्टी नेपाल शाखाको युवा सदस्यता प्राप्त गर्न सक्नेछन्। युथ नेटवर्कमार्फत बनेका सदस्यहरू सम्बन्धित युथ नेटवर्कको निर्णय प्रकृयामा सहभागी हुन सक्नेछन्। उनीहरूले राष्ट्रिय सचिवालयबाट व्यक्तिगत सदस्यता

पनि लिन सक्ने छन्। यस्ता सदस्यहरूलाई सम्बन्धित युथ नेटवर्कमा र सम्बन्धित युथ नेटवर्कमार्फत एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्णय प्रकृयामा मताधिकार प्राप्त हुनेछ।

**(घ) मानार्थ सदस्यता**

समाजको विभिन्न क्षेत्रमा रही सामाजिक प्रतिष्ठा हाँसिल गरेका वा मानवअधिकार प्रवर्धन र संवर्धनमा योगदान पुर्याउँदै आएका व्यक्तिलाई तोकिएबमोजिम एम्नेस्टी नेपाल शाखाले मानार्थ सदस्यता प्रदान गर्न सक्नेछ।

**७.२. सदस्यता प्राप्ति**

विधानको दफा ७ को उपदफा १ बमोजिमको प्रकृया पुरा गरी राष्ट्रिय सचिवालयबाट सदस्यता प्रदान गरिने छ। यसरी प्रदान गरिएको सदस्यहरूको सदस्यता अवधि दुई वर्षको रहनेछ र सो अवधि पश्चात पुनः नवीकरण गरी सदस्यता कायम गर्न सकिनेछ।

**७.३. सदस्यताका लागि आवश्यक योग्यताः**

एम्नेस्टी नेपालको सदस्यता प्राप्त गर्नका लागि आवश्यक प्रावधानहरू निम्नानुसार रहेका छन्ः

(क) एम्नेस्टी नेपालको विधान र उद्देश्यहरू पालनाको प्रतिबद्धता।

(ख) एम्नेस्टी नेपालबाट निर्धारित शुल्कको भुक्तानी।

(ग) मानसिक सन्तुलन नगुमाएको।

(घ) भ्रष्टाचारमा दोषी नठहरिएको।

(ङ) यौन हिंसा, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न नरहेको।

(च) मानवअधिकार ज्यादती र उल्लङ्घन हुने खालका कुनै कार्यमा संलग्न नरहेको।

**७.४. सदस्यता नवीकरणः**

(क) हरेक सदस्यले आफ्नो सदस्यता समाप्त भएको तीन महिनाभित्र आफ्नो सदस्यता नवीकरण गराउनु पर्ने छ। तोकिएको समय भुक्तान भइसकेपछि नवीकरण गरिने छैन, तर नयाँ सदस्यता प्राप्तिका प्रकृयाका लागि बाधा भने पुग्ने छैन।

(ख) नेसनल बोर्डले उपयुक्त कारण खुलाई कुनै व्यक्तिको सदस्यता नवीकरण नगर्ने भन्ने निर्णय गर्न सक्दछ।

(ग) नेसनल बोर्डले सदस्यता नवीकरण नगर्ने निर्णय गरिएका व्यक्तिलाई पुनरावेदन गर्ने अधिकार हुनेछ।

## ८. सदस्यताको समाप्ति

(१) देहायको कुनै एक अवस्थामा एम्नेस्टी नेपालको कुनै पनि सदस्यको सदस्यता समाप्त हुनेछः

(क) लिखित राजिनामा दिई स्वीकृत भएमा,

(ख) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी नेपालको विधान, नीति र उद्देश्य विपरीत कार्य गरेमा,

(ग) सदस्यताको म्याद समाप्त भएमा,

(घ) विधानको भाग ३ दफा ७.३ बमोजिमको योग्यता नरहेमा,

(ङ) मृत्यु भएमा

(च) युथ नेटवर्क सदस्यको हकमा सम्बन्धित सदस्यको उमेर पच्चीस वर्ष पूरा भएमा।

(२) समूहगत सदस्यको हकमा सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहको सिफारिसमा नेसनल बोर्डले सदस्यता समाप्तिसम्बन्धी निर्णय गर्नेछ। यदि सम्बन्धित एम्नेस्टी समूह वा निर्माणाधिन समूहले सिफारिस नगरेमा नेसनल बोर्डले सदस्यता समाप्तिको निर्णय गर्ने छ।

(३) व्यक्तिगत सदस्यको सदस्यता समाप्तिसम्बन्धी निर्णय नेसनल बोर्डले गर्नेछ।

# भाग-४
# साङ्गठनिक संरचना

## ९. साधारणसभा

### ९.१. साधारणसभाको स्वरूपः

साधारण सभा एम्नेस्टी नेपालको नीतिगत निर्णय गर्ने सर्वोच्च निकाय हुनेछ। साधारण सभाले नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिको पदाधिकारी तथा सदस्यहरूको नियमित निर्वाचन गर्नेछ। साथै साधारण सभाले विधान संशोधन गर्ने, नीतिगत निर्णयहरू गर्ने, वार्षिक कार्ययोजना अनुमोदन गर्ने तथा संस्था विघटनको सिफारिस गर्नेसम्बन्धी निर्णयहरू पनि गर्नेछ।

९.२. साधारण सभाको बैठक हरेक वर्ष बस्नेछ।

### ९.३. साधारण सभाको गठनः

(१) साधारण सभामा निम्नबमोजिमको सहभागिता रहनेछ :

(क) नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरू,
(ख) पुनरावेदन समिति, प्रेपरेटोरी कमिटि र नोमिनेसन कमिटिका सदस्य तथा पदाधिकारीहरू,
(ग) यस विधान र यस विधान मातहतका नियमावलीहरू बमोजिम वैध रहेका एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कको कार्यसमिति बैठकले निर्णय गरी तोकिएको समयभित्र सिफारिस गरी पठाएका एक एक प्रतिनिधि र नेपालभरीबाट तोकिएको विधि अवलम्वन गरी प्रत्येक एक हजार वैध व्यक्तिगत सदस्यहरू बराबर दुई जना (एक जना महिला र एक जना खुला) गरी बढीमा चार जना व्यक्तिगत सदस्यतर्फबाट चयन भएका प्रतिनिधिहरू
*नोटः यस प्रावधानअनुसार समूह र युथ नेटवर्कले प्रतिनिधिहरूको निर्णय गरी सिफारिस गर्दा विविधता र समावेशिताको मर्मलाई ख्याल राख्न प्रोत्साहन गरिन्छ।*
(घ) निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको कार्यसमितिबाट निर्णय गरी सिफारिस गरिएका एक एक जना पर्यवेक्षकहरू,
(ङ) नेसनल बोर्डबाट मनोनित पर्यवेक्षकहरू,
(च) राष्ट्रिय सचिवालयका कर्मचारीहरू,
(छ) अन्तर्राष्ट्रिय सचिवालय/बोर्डका अतिथि पर्यवेक्षकहरू,
(ज) एम्नेस्टी इन्टरनेसनलका अन्य शाखाका अतिथि पर्यवेक्षकहरू।

(२) **मताधिकारः**

उपदफा (१) को (ग) बमोजिमका प्रतिनिधिहरूमा एक व्यक्ति एक मतका आधारमा मताधिकार रहनेछ।

**९.४. विशेष सधारणसभाः**

**(क)** एम्नेस्टी नेपाल अन्तर्गतका २५ प्रतिशत समूह र युथनेटवर्कहरूले तोकिएबमोजिम विशेष कारण देखाई विशेष साधारणसभाको माग गरेमा नेसनल बोर्डले त्यस्तो अनुरोध प्राप्त भएको ४५ दिनभित्र विशेष साधारणसभा बोलाउने छ।

**(ख)** तत्काल विशेष साधारण सभाबाट कुनै विषयमा अन्तिम निर्णय लिनुपर्ने परिस्थिति सिर्जना भएमा नेसनल बोर्डले आवश्यकताअनुसार विशेष सधारणसभा बोलाउन सक्नेछ।

**(ग)** विशेष साधारणसभा जुन कार्यका लागि माग गरिएको वा बोलाइएको हो सोही विषयमा मात्र छलफल गरी निर्णय लिइनेछ।

**(घ)** विशेष साधारण सभाको गठन दफा ९.३ बमोजिम हुने छ।

**(ङ)** विशेष साधारणसभा माग भएको ९० दिनभित्र नियमित वार्षिक साधारणसभा बस्ने भए त्यस्तो विशेष साधारणसभा बोलाउन नेसनल बोर्ड बाध्य हुने छैन तर विशेष साधारणसभामा पेस गर्ने भनिएका प्रस्ताव नियमित साधारणसभामा प्रस्तुत गर्न पर्नेछ।

**(च)** विशेष सधारणसभाको जानकारी ३० दिन अगाडि नै समूह र युथनेटवर्कहरूलाई पठाउनु पर्नेछ।

**९.५. साधारणसभाको बैठकः**

(क) साधारणसभाको बैठक प्रत्येक वर्ष प्रेपकमको सल्लाहमा नेसनल बोर्डबाट निर्धारण भएको मिति, समय र स्थानमा हुनेछ। भौतिक उपस्थितिमा साधारणसभा आयोजना गर्न कठिन, असंभव वा असहज हुने परिस्थितिमा अनलाइन माध्यमबाट तयारी छलफल गरी आवश्यक निर्णय लिन सकिनेछ। साधारणसभाको मिति र स्थानसम्बन्धी जानकारी एम्नेस्टी नेपालअन्तर्गतका सबै समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूलाई ७५ दिन अगावै उपलब्ध गराउनु पर्नेछ।

(ख) साधारणसभाको अध्यक्षता नेसनल बोर्डका अध्यक्षले गर्नेछ। अध्यक्षको अनुपस्थितिमा उपाध्यक्षले र अध्यक्ष र उपाध्यक्ष दुवै जनाको अनुपस्थितिमा नेसनल बोर्डले तोकेको नेसनल बोर्ड सदस्यले गर्नेछ।

(ग) साधारणसभाको गणपूरक सङ्ख्याका लागि यस विधानको दफा १० को उपदफा (१) अन्तर्गतका क्षेत्रीय भेलाबाट दफा १० उपदफा (४) बमोजिम निर्धारित भई तोकिएका प्रतिनिधिहरूमध्ये प्रत्येक क्षेत्रबाट कम्तिमा सामान्य बहुमत प्रतिनिधिहरूको उपस्थिति आवश्यक हुनेछ। तोकिएको गणपूरक सङ्ख्या नपुगेमा सोको व्यहोरा खुलाई सभा स्थगन गरिनेछ र तोकिएबमोजिम प्रकृया पुरा गरी पुनः सञ्चालन गरिनेछ।

(घ) साधारणसभामा कुनै विषयउपर मतभेद भई निर्णय गर्नुपरेमा एक व्यक्ति एक मतका आधारमा बहुमतबाट गरिने छ।

(ङ) साधारणसभामा कुनै विषयउपर विवाद भई पक्ष विपक्षमा मत बराबर भएमा अध्यक्षले निर्णायक मत दिने छन्।

**९.६. साधारणसभाको काम, कर्तव्य र अधिकार :**

(क) एम्नेस्टी इन्टरनेसनलको एकीकृत रणनीतिक लक्ष्य (Strategic Goals) मा आधारित एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तर्जुमा गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको आर्थिक नीतिमा आधारित एम्नेस्टी नेपालको आर्थिक नीति तर्जुमा गर्ने,

(ग) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि तथा पुनरावेदन समितिको निर्वाचन गर्ने,

(घ) एम्नेस्टी नेपालको कार्यप्रगति प्रतिवेदन, आर्थिक प्रतिवेदन, बजेट, कार्ययोजना तथा राष्ट्रिय सचिवालयको प्रतिवेदनउपर छलफल गरी पारित गर्ने,

(ङ) लेखापरीक्षक नियुक्ति गर्ने र पारिश्रमिक तोक्ने,

(च) अन्य आवश्यक प्रस्तावहरू पारित गर्ने।

## १०. सदस्यहरूको प्रादेशिक/क्षेत्रीय भेला

(१) एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको साधारण सभा हुनुभन्दा कम्तिमा एक महिना अघि सदस्यहरूको क्षेत्रीय भेला हुनेछ। सामान्यतया क्षेत्रीय भेला भौतिक उपस्थितिमा हुनेछ। विषम परिस्थितिमा प्रेपकमको निर्णयअनुसार क्षेत्रीय भेलालाई अनलाइन माध्यमबाट पनि गर्न सकिनेछ। नेपाललाई देहायका जिल्ला सम्मिलित कूल आठ क्षेत्रमा विभाजन गरी उक्त जिल्लाहरूमा रहेका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूको उपदफा (२) बमोजिमका प्रतिनिधिहरू सम्मिलित क्षेत्रीय भेलाहरू आयोजना गरिनेछ।

(क) कोशी क्षेत्रीय भेलाः ताप्लेजुङ, पाँचथर, इलाम, झापा, तेह्रथुम, भोजपुर, मोरङ, सुनसरी,धनकुटा, सोलुखुम्बु, खोटाङ, सङ्खुवासभा, उदयपुर, ओखलढुङ्गा

(ख) मधेश क्षेत्रीय भेलाः सप्तरी, सिराह, धनुषा, महोत्तरी, सर्लाही, बारा, पर्सा, रौतहट

(ग) बागमती क्षेत्रीय भेला १ः रामेछाप, दोलखा, सिन्धुली, सिन्धुपाल्चोक, काभ्रे, रसुवा, नुवाकोट, धादिङ, मकवानपुर, चितवन

(घ) बागमती (काठमाडौं उपत्यका) क्षेत्रीय भेला २ः काठमाण्डौं, भक्तपुर, ललितपुर

(ङ) गण्डकी क्षेत्रीय भेलाः नवलपरासी पूर्व, गोरखा, लमजुङ, स्याङ्जा, कास्की, तनहुँ, पर्वत, बागलुङ, म्याग्दी, मनाङ, मुस्ताङ,

(च) लुम्बिनी क्षेत्रीय भेलाः नवलपरासी पश्चिम, रूपन्देही, कपिलबस्तु, पाल्पा, गुल्मी, अर्घाखाँची, दाङ, प्युठान, रूकुम पूर्व, रोल्पा, बाँके, बर्दिया

(छ) कर्णाली क्षेत्रीय भेलाः रूकुम पश्चिम, सल्यान, डोल्पा, हुम्ला, जुम्ला, कालिकोट, मुगु, सुर्खेत, दैलेख, जाजरकोट

(ज) सुदूर पश्चिम क्षेत्रीय भेलाः कैलाली, कञ्चनपुर, डँडेलधुरा, डोटी, अछाम, बाजुरा, बैतडी, बझाङ, दार्चुला।

(२) **सदस्यहरूको क्षेत्रीय भेलामा सहभागिता**

सदस्यहरूको क्षेत्रीय भेलामा निम्नबमोजिमको सहभागिता रहने छः

१. क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य ठहरिएका सम्बन्धित क्षेत्रका समूह, युथनेटवर्क र व्यक्तिगत सदस्यहरूबाट देहायबमोजिमका प्रतिनिधिहरूः

(क)प्रत्येक समूह र युथनेटवर्कबाट उक्त समूह तथा युथनेटवर्कमा रहेका कूल सदस्य सङ्ख्याको आधारमा देहायबमोजिम न्यूनतम ५० प्रतिशत महिलाको सहभागिता हुने गरी सम्बन्धित समूह तथा युथनेटवर्कको साधारण सभाद्वारा तोकिएका प्रतिनिधिहरूः

- न्यूनतम ३५ सदस्य रहेको समूह तथा युथनेटवर्कबाट २ जना
- न्यूनतम १०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ३ जना
- न्यूनतम २०० सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ४ जना

- न्यूनतम ३५० वा सो भन्दा बढी सदस्य रहेको समूह तथा युथनेटवर्कबाट ५ जना।

नोटः क्षेत्रीय भेलामा सहभागिताका लागि योग्य समूह र युथनेटवर्क भन्नाले यस विधान बमोजिम न्यूनतम सदस्यता सङ्ख्या कायम राखी वर्षमा कम्तिमा चारवटा मानवअधिकार अभियानका गतिविधिहरू सम्पन्न गरी क्षेत्रीय भेला हुने मितिभन्दा एक महिना अघि नै आफ्नो साधारण सभा सम्पन्न गरी सोको लिखित प्रतिवेदन निर्धारित समयभित्र राष्ट्रिय सचिवालयमा पेश गरेका समूह र युनथेटवर्कलाई बुझाउँछ।

(ख) सम्बन्धित क्षेत्रअन्तर्गत रहेका व्यक्तिगत सदस्यहरूमध्येबाट कम्तिमा ५० प्रतिशत महिला र ४० प्रतिशत युवाको प्रतिनिधित्व हुने गरी कूल व्यक्तिगत सदस्यहरूमध्येबाट तोकिएको प्रकृया पूरा गरी प्रेपकमद्वारा सिफारिस गरिएका देहायको सङ्ख्याका व्यक्तिगत सदस्यहरू :

- १०० वा सोभन्दा कम व्यक्तिगत सदस्यको हकमा २ जना
- न्यूनतम ३५० व्यक्तिगत सदस्यहरूको हकमा ४ जना
- न्यूनतम ४५० र सोभन्दा बढी जतिसुकै सङ्ख्याको व्यक्तिगत सदस्यको हकमा ५ जना।

नोटः यस उपदफामा उल्लिखित "युवा" सदस्यले व्यक्तिगत युवा सदस्य भन्ने बुझाउँछ जो १६ वर्षदेखि २५ वर्ष पूरा नभएको उमेर समूहमा रहेका हुन्छन्।

२. प्रेपकमका संयोजक र/वा निजले तोकेका प्रेपकम सदस्य(हरू)।
३. प्रेपकम संयोजकद्वारा आमन्त्रित अतिथि पर्यवेक्षकहरू।
४. नेसनल बोर्डबाट तोकि खटाइएका नेसनल बोर्ड सदस्य(हरू)।
५. निदर्शेकद्वारा तोकी खटाइएका राष्ट्रिय सचिवालयका कर्मचारीहरू।

(३) **सदस्यहरूको क्षेत्रीय भेला बैठक सञ्चालन**

सदस्यहरूको क्षेत्रीय भेलाको बैठकको अध्यक्षता नेसनल बोर्डका अध्यक्ष वा निजले तोकेको व्यक्तिले गर्नेछ। प्रत्येक क्षेत्रीय भेलाले शाखाले सञ्चालन गरेको मानवअधिकार अभियानसँग सम्बन्धित छलफल तथा विमर्श तथा एम्नेस्टी नेपाल शाखाको केन्द्रीय साधारण सभाको बारेमा तयारी गर्नेछ। क्षेत्रीय भेलाका अध्यक्षले गरेको निर्णय अन्तिम हुनेछ।

(४) **सदस्यहरूको क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार**

क्षेत्रीय भेलाको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

१. एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको वार्षिक साधारण सभामा छलफल गर्नु पर्ने मानवअधिकारका मुद्दा र विषयहरूमा छलफल र बहस गर्ने,
२. एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको रणनीतिक लक्ष र सो अनुरूपको कार्ययोजना तय गर्ने लगायत विषयमा साधारण सभामा निर्णयका लागि आवश्यक तयारी छलफलहरू गर्ने,
३. एम्नेस्टी नेपाल शाखाको संस्थागत विकास र अभियान सबलीकरणका सामयिक विषय र मुद्दामा छलफल गर्ने।

## ११. नेसनल बोर्ड

(१) **नेसनल बोर्ड (National Board) को गठन**

एम्नेस्टी नेपालको वार्षिक साधारणसभाको अन्तरालमा आवश्यक पर्ने नीतिगत निर्णय गर्न एवं एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजनाको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कनका लागि निम्नबमोजिम नेसनल बोर्ड (National Board) गठन हुने छ।

**(क)** अध्यक्षः १ जना

**(ख)** उपाध्यक्षः १ जना

**(ग)** महासचिवः १ जना

**(घ)** कोषाध्यक्षः १ जना

**(ङ)** उपमहासचिवः १ जना

**(च)** सदस्यहरू : छ जना (कम्तिमा एक महिला सहित दुईजना युवा सदस्य सहित)

(२) **नेसनल बोर्डको निर्वाचन**

१. साधारण सभाबाट निम्नानुसारका पदाधिकारीहरूको निर्वाचन हुने छ।

(क) अध्यक्ष : १ जना

(ख) कोषाध्यक्ष : १ जना

(ग) सदस्यहरू : ९ जना (कम्तिमा तीन जना महिला र दुई जना युवा सदस्य जसमा एकजना अनिवार्य महिला)।

नोटः यस उपखण्डको प्रयोजनका लागि मतदानको अधिकार दफा ९.३. (१) (ग) बमोजिम एम्नेस्टी नेपालको साधारण सभामा सहभागिता जनाएका प्रतिनिधिहरूलाई रहनेछ।

२. यसरी विधानको भाग ४, दफा ११ (२) (१) अनुसारका अध्यक्ष, कोषाध्यक्ष र सदस्यहरूको पहिलो बैठकबाट दफा ११ (१) को बाँकी पदाधिकारीहरू (उपाध्यक्ष, महासचिव र उपमहासचिव) को नियुक्ति हुनेछ।

३. नेसनल बोर्डका पदाधिकारी र सदस्यहरूको निर्वाचन प्रयोजनका लागि नेसनल बोर्डले प्रेपकमसँगको परामर्श र राय सुझावमा उपयुक्त समयमा निर्वाचन समिति गठन गर्ने छ। निर्वाचन समिति तोकिएबमोजिम हुनेछ।

४. निर्वाचनसम्बन्धी कार्यविधि अन्यथा तोकिएकामा बाहेक संयोजक वा निर्वाचन समितिले तोकेबमोजिम हुनेछ।

५. नेसनल बोर्डको पदावधि निर्वाचित भएको मितिबाट तीन वर्षको हुनेछ।

६. अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव र कोषाध्यक्षले लगातार दुई कार्यकालसम्म निर्वाचित भइसकेपछि पुनः तेश्रो कार्यकालका लागि सोही पदमा उम्मेदवारी दिन पाउने छैन भने नेसनल बोर्डमा एउटै व्यक्तिले लगातार एउटै पदमा तीन कार्यकाल भन्दा बढीका लागि उम्मेदवारी दिन सक्ने छैन।

(३) **उम्मेदवारको योग्यता तथा अयोग्यता**

(क) एम्नेस्टी नेपालको साधारण सभामा हुने नेसनल बोर्ड, प्रेपरोटेरी कमिटि, नोमिनेसन कमिटि वा पुनरावेदन समितिको निर्वाचनमा एम्नेस्टी नेपालमा आबद्ध समूह र युथ नेटवर्कका सदस्य, व्यक्तिगत सदस्य र नोमिनेसन कमिटिद्वारा आमन्त्रित व्यक्तिहरूले मात्र उम्मेदवारी दिन पाउने छन्।

(ख) नैतिक पतन देखिने फौजदारी अपराधमा सजाय पाएको, विगतमा मानव अधिकार विरोधी कार्यमा संलग्न भएको, एम्नेस्टी इन्टरनेसनलको नीति तथा कार्यक्रमप्रति अनास्था राखे, एम्नेस्टी इन्टरनेसनललाई कुनै रकम तथा जिन्सी तिर्न बाँकी बक्यौता भएको, महिला हिंसा, बाल हिंसा, दुराचार, जालसाजी र छलकपटजन्य कुनै पनि गतिविधिमा संलग्न रहेको, कुनै पनि राजनीतिक दलको स्थानीय, प्रादेशिक, जिल्ला वा केन्द्रीयस्तरका समिति, कार्य दल वा भातृ सङ्गठनको कार्यसमिति सदस्य रहेको वा नोमिनेसन कमिटिको मूल्यांकनबाट तोकिएबमोजिमको योग्यता नपुगेको व्यक्ति नेसनल बोर्ड वा पुनरावेदन समितिको कुनै पनि पदमा उम्मेदवार हुन सक्ने छैन। साथै उल्लेखित कुनै कुरा लुकाई उम्मेदवार भई निर्वाचित भएको तथ्य पछि खुल्न आएमा निर्वाचित भइसकेपछि पनि त्यस्ता समितिहरूको सदस्य भएमा निज स्वतः पदमुक्त भएको मानिने छ। यसरी पदमुक्त भएको घोषणा गर्दा नेसनल बोर्डले निजलाई सफाइको मौकाबाट वञ्चित गर्ने छैन।

(४) **नेसनल बोर्डको काम, कर्तव्य र अधिकार**

(क) एम्नेस्टी इन्टरनेसनल नेपालको रणनीतिक दिशा र लक्ष्य निर्धारण गर्ने,

(ख) एम्नेस्टी इन्टरनेसनलको ग्लोबल गभर्नेन्ससम्बन्धी प्रकृयाहरू जस्तै ग्लोबल असेम्ब्ली **(global assembly)**, रिजनल फोरम, भर्चुअल असेम्ब्ली वा फोरम लगायतमा एम्नेस्टी नेपालको तर्फबाट प्रभावकारी अन्तर्राष्ट्रिय प्रतिनिधित्व र सहभागिताको सुनिश्चित गर्ने र सो बैठकका निर्णयहरूलाई परिपालना गर्ने गराउने,

(ग) इन्टरनेसनल बोर्ड र अन्तर्राष्ट्रिय सचिवालय (आई.एस.) बाट प्रेषित रणनीति तथा निर्णयहरू कार्यान्वयन गर्ने गराउने,

(घ) एम्नेस्टी नेपालको साधारण सभाबाट पारित वार्षिक कार्यक्रमहरूको कार्यान्वयनको अनुगमन गर्ने,

(ङ) एम्नेस्टी नेपालको प्रशासनिक तथा आर्थिक श्रोत आर्जन र व्यवस्थापन सम्बन्धी संरचनात्मक मापदण्डहरू तयार गरी संस्थाको वित्तीय यथार्थता र संभाव्यता **(financial viability and feasibility)** लाई सुनिश्चित गर्न आवश्यक रणनीतिहरू निर्माण गरी लागू गर्ने गराउने,

(च) संस्थाको आवश्यकताअनुरुप विभिन्न समिति र उपसमितिहरूको गठन गरी काम, कर्तव्य र अधिकार तोक्ने,

(छ) एम्नेस्टी इन्टरनेसनल नेपालको कार्य सञ्चालनका लागि आवश्यक नियम, विनियम, उपनियम तथा निर्देशिकाहरू तर्जुमा गरी कार्यान्वयन गर्ने, गराउने,

(ज) कुनै सदस्यको सदस्यता, निर्माणाधिन तथा मान्यता प्राप्त समूह, युथ नेटवर्क वा नेसनल बोर्डका पदाधिकारी तथा सदस्यहरूलाई विधान र नियमावलीअनुरूप निलम्बन, निष्कासन वा खारेज गर्ने,

(झ) एम्नेस्टी इन्टरनेसनल र एम्नेस्टी इन्टरनेसनल नेपालको नीति एवं विधानअनुरूपको कार्यमा सदस्य, समूह एवं युथ नेटवर्कलाई सक्रिय बनाउन आवश्यक निर्देशिका एवं कार्यविधि(हरू) निर्माण गरी लागू गर्ने र

(ञ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

(५) **नेसनल बोर्ड पदाधिकारीहरूको काम, कर्तव्य र अधिकार**

नेसनल बोर्डका अध्यक्ष, उपाध्यक्ष, महासचिव, उपमहासचिव, कोषाध्यक्ष तथा सदस्यहरूको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुनेछः

१. अध्यक्षको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्ड बैठकको अध्यक्षता तथा सञ्चालन गर्ने,

(ख) एम्नेस्टी नेपालको निर्देशकको नियुक्ति गर्ने र नीजको कामको सुपरीवेक्षण एवं कार्यसम्पादन मूल्याङ्कन गर्ने।

(ग) एम्नेस्टी नेपालका तर्फबाट प्रतिनिधित्व गर्ने वा प्रतिनिधि तोक्ने,

(घ) आवश्यकताअनुसार अन्य पदाधिकारी तथा सदस्यहरूलाई कार्यभार सुम्पने, र

(ङ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

२. उपाध्यक्षको काम, कर्तव्य र अधिकारः

(क) अध्यक्षले तोकेको जिम्मेवारी पूरा गर्ने,

(ख) अध्यक्षको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

(ग) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

३. महासचिवको काम, कर्तव्य र अधिकार

(क) अध्यक्षको सल्लाहमा नेसनल बोर्डको बैठक तथा अन्य सभाहरू बोलाउने,

(ख) अभिलेखहरू तयार गरी सुरक्षित राखिएको सुनिश्चित गर्ने,

(ग) वार्षिक साधारण सभामा नेसनल बोर्डको गतिविधिको वार्षिक प्रतिवेदन प्रस्तुत गर्ने, र

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

४. उपमहासचिवको काम, कर्तव्य र अधिकार

(क) महासचिवको अनुपस्थितिमा निजले गर्ने भनी तोकिएका सम्पूर्ण कार्यहरू गर्ने, र

(ख) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

५. कोषाध्यक्षको काम, कर्तव्य र अधिकार

(क) एम्नेस्टी नेपालको कोषको सञ्चालन नियमानुसार भएको सुनिश्चित गर्ने,

(ख) वार्षिक साधारणसभामा एम्नेस्टी नेपालको आय-व्यय विवरण प्रस्तुत गर्ने,

(ग) एम्नेस्टी नेपालको लेखा दुरुस्त राखिएको सुनिश्चित गर्ने,

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

६. सदस्यहरूको काम, कर्तव्य र अधिकार

(क) नेसनल बोर्डको बैठकमा नियमित उपस्थित भई छलफलमा सक्रिय रूपमा सहभागी हुने,

(ख) एम्नेस्टी नेपालद्वारा आयोजना गरिएका कार्यक्रमहरूमा सक्रिय सहभागिता जनाउने,

(ग) एम्नेस्टी नेपालको गतिविधि तथा कार्यक्रमहरूलाई प्रभावकारी बनाउन रचनात्मक सहयोग गर्ने,

(घ) तोकिएबमोजिमका अन्य कार्यहरू गर्ने।

(६) **नेसनल बोर्डको बैठक**

१. नेसनल बोर्डको बैठक विशेष परिस्थितिमा बाहेक प्रत्येक तिन महिनामा एकपटक बस्ने छ।

२. नेसनल बोर्ड बैठकको गणपूरक सङ्ख्या (कोरम) ५१ प्रतिशत हुने छ।

३. नेसनल बोर्डको बैठकमा मतभेद भई दुबैतर्फ मत बराबर भएको खण्डमा अध्यक्षले निर्णायक मत दिने छन्।

४. नेसनल बोर्डको बैठक नबसेको समयमा गर्नुपर्ने आवश्यक कार्यहरू महासचिवले अध्यक्षको परामर्श र सहमतिमा कार्यान्वयन गर्न सक्ने छन् र त्यसलाई आगामी नेसनल बोर्ड बैठकमा आवश्यकताअनुसार पेस गरी अनुमोदन गराउनु पर्ने छ।
५. एम्नेस्टी नेपालका निर्देशक नेसनल बोर्ड बैठकमा सहभागी हुने छन् तर निजलाई मताधिकार भने हुने छैन।
६. राष्ट्रिय सचिवालयका अन्य कर्मचारीलाई पनि नेसनल बोर्ड बैठकमा आमन्त्रण गर्न सकिने छ तर बैठकमा उनीहरूको पनि मताधिकार हुने छैन।

(७) **पदरिक्तता**

देहायका मध्ये कुनै एक अवस्थाहरूमा नेसनल बोर्डको कुनै पदाधिकारीको पद रिक्त भएको मानिने छः

१. मृत्यु भएमा,
२. अध्यक्षले नेसनल बोर्ड समक्ष र अन्य पदाधिकारीले अध्यक्षसमक्ष दिएको राजिनामा नेसनल बोर्डबाट स्वीकृत भएमा,
३. संस्थाको कार्यादिश (Mandate) वा हितविपरीत कार्य गरेको भनी नेसनल बोर्डले निलम्बनलगायत निष्कासनसम्मका अन्य कारबाही गरी साधारणसभाबाट पदमुक्त गर्ने प्रस्ताव पारित भएमा,
४. लगातार नेसनल बोर्डको तीन ओटा बैठकमा बिना सूचना अनुपस्थित भएमा,
स्पष्टीकरण : यो दफाको खण्ड (३) र (४) को अवस्थामा सम्बन्धित सदस्यलाई सफाइको मौकाबाट वञ्चित गरिने छैन।
५. कुनै समूह वा युथनेटवर्क खारेज भएको स्थितिमा सो समूह वा युथनेटवर्कका कुनै सदस्य नेसनल बोर्डको पदाधिकारी वा सदस्य रहेको भएमा निज स्वतः पदमुक्त हुने छन्।
६. सदस्यता नरहेमा वा सदस्यताको म्याद समाप्त भएमा।

(८) **रिक्त पदको पूर्ति**

(क) कुनै कारणवस नेसनल बोर्डको अध्यक्षको पद रिक्त भएमा बाँकी अवधिका लागि उपाध्यक्षले स्वतः अध्यक्ष पद सम्हाल्ने छन्।
(ख) महासचिवको पद रिक्त भएमा उपमहासचिवले बाँकी अवधिका लागि स्वतः महासचिवको पद सम्हाल्ने छन्।
(ग) उपाध्यक्ष, उपमहासचिव र कोषाध्यक्षको कुनै पद रिक्त भएको अवस्थामा नेसनल बोर्डले निर्वाचित नेसनल बोर्ड सदस्यहरूमध्येबाट वा एम्नेस्टीको सदस्यहरूमध्येबाट रिक्त पदमा बाँकी अवधिका लागि पदपूर्ती गर्ने छ।
(घ) उल्लिखित बाहेक अन्य पदाधिकारीको पद रिक्त हुन आएमा नेसनल बोर्डले बाँकी अवधिका लागि एम्नेस्टीको सदस्यहरूमध्येबाट पदपूर्ति गर्ने छ।
(ङ) रिक्त पदमा पूर्ती गर्दा, एक समूहबाट एक भन्दा बढी पदाधिकारी वा सदस्य नहुने कुराको सुनिश्चितता गरिने छ।

## १२. नोमिनेसन कमिटि

(१) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका रिक्त पदहरूमा निर्वाचनका लागि उपयुक्त, सक्षम, क्षमतावान तथा संस्थाभित्रको सिप अभाव **(skills gap)** समेतको पूर्ति हुनेगरी

संभावित उम्मेदवारहरूको सूची तयार गरी निर्वाचन समितिमा पेश गर्ने प्रयोजनका लागि देहयायको पाँच सदस्यीय नोमिनेसन कमिटि रहनेछ।

(क) साधारण सभाबाट निर्वाचित संयोजक १ जना,

(ख) साधारण सभाबाट निर्वाचित कम्तिम एक जना महिला समेत दुई सदस्य

(ग) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका कर्मचारी, १ जना

(घ) नेसनल बोर्डले सिफारिस गरी पठाएको एक जना पर्यवेक्षक

(२) उपदफा (१) बमोजमिको नोमिनेसन कमिटिको पदावधि तीन वर्षको हुनेछ र बढीमा लगातार तीन कार्यकालसम्म निर्वाचित हुन मिल्नेछ। एउटै व्यक्ति बढीमा लगातार दुई कार्यकाल भन्दा संयोजक हुन मिल्नेछैन।

(३) यस कमिटिले एम्नेस्टी इन्टरनेसनलको परिदृश्य, उद्देश्य र मूल आदर्श बुझेका एवं एम्नेस्टी नेपालको बोर्डमा रही कार्य गर्न दक्षता हाँसिल गरेका व्यक्तिहरूको पहिचान गरी उनीहरूलाई नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका पदहरूको निर्वाचनमा उम्मेदवारी दिन प्रोत्साहित र आमन्त्रित गर्न सक्नेछ।

(४) नेसनल बोर्ड, प्रेपरेटोरी कमिटि, नोमिनेसन कमिटि र पुनरावेदन समितिका पदहरूको निर्वाचनमा उम्मेदवारी दिन चाहने एम्नेस्टी नेपाल समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूले सम्बन्धित पदमा कार्य गर्नका लागि आफूसँग भएको योग्यता र क्षमता लगायतका विषय उल्लेख गरी तोकिएबमोजिमको चाहनापत्र कमिटिसमक्ष पेश गर्नु पर्नेछ।

(५) कमिटिमा प्राप्त हुन आएका चाहनापत्रहरूको आधारमा सम्बन्धित पदमा नीजको योग्यता र क्षमता पुगे नपुगेको विषयमा तोकिएको कार्यक्षमता ढाँचा **(competency framework)** का आधारमा मूल्याङ्कन गरी उक्त उम्मेदवारीका सम्बन्धमा नोमिनेसन कमिटिले सिफारिश गर्न सक्नेछ। उम्मेदवारी दिनु अगावै उक्त व्यक्तिले एम्नेस्टी नेपालको सदस्यता भने लिएको हुनुपर्दछ।

## १३. पुनरावेदन समिति

(१) समूह र युथनेटवर्क विघटन तथा सदस्यता खारेजी एवं सदस्यता नविकरण नगर्ने नेसनल बोर्डको निर्णयसम्बन्धी विषयहरूउपर पुनरावेदन सुन्ने प्रयोजनका लागि साधारण सभाले नेसनल बोर्डको निर्वाचनसँगै एम्नेस्टी इन्टरनेसनल नेपालमा आबद्ध समूह, युथनेटवर्क वा व्यक्तिगत सदस्यहरूमध्येबाट एकजना संयोजक र एक जना महिला सदस्यसहित दुई जना सदस्य रहेको कुल तीन सदस्यीय पुनरावेदन समितिको निर्वाचन गर्ने छ। पुनरावेदन समितिका संयोजक एवं सदस्यहरूको कार्यकाल नेसनल बोर्ड सरह हुनेछ।

(२) पुनरावेदन समितिको कार्यविधि समिति आफैंले निर्धारण गरेबमोजिम हुने छ।

(३) पुनरावेदन समितिले आफूलाई प्राप्त पुनरावेदनमा सामान्यतया तीन महिना भित्रमा निर्णय दिनेछ र यसको निर्णय अन्तिम हुनेछ।

(४) पुनरावेदन समितिले आवश्यकतानुसार विवादित विषयका सम्बन्धमा जाँचबुझ गर्ने, प्रमाण सङ्कलन गर्ने तथा सम्बद्ध व्यक्तिहरूसँग सोधपुछ गर्न सक्नेछ। समितिलाई सहयोग गर्नु सम्बद्ध व्यक्ति तथा पक्षहरूको कर्तव्य हुनेछ। समिति प्रतिको असहयोगलाई त्यस्ता व्यक्ति वा पक्षहरूविरुद्धको प्रमाणका रूपमा मान्न सकिने छ।

(५) यस समितिको संयोजक र सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिम योग्यता पुगेको हुनु पर्ने छ।

## १४. प्रेपरेटोरी कमिटि (प्रेपकम)

(१) एम्नेस्टी नेपालको प्रत्येक वर्ष आयोजना गरिने क्षेत्रीय भेला र साधारण सभाको योजना, संयोजन, तयारी, व्यवस्थापन र संपादनका लागि नेसनल बोर्डका अध्यक्षको संयोजकत्वमा देहायबमोजिमको एक पाँच सदस्यीय प्रेपरेटोरी कमिटि (प्रेपकम) रहने छ।

क) संयोजकः नेसनल बोर्ड अध्यक्ष

ख) साधारण सभाबाट निर्वाचित कम्तिमा एक जना महिलासहित दुई सदस्य

ग) नेसनल बोर्डले तोकेको एक जना सदस्य

घ) निर्देशक वा निजले तोकेको राष्ट्रिय सचिवालयका एकजना कर्मचारी

(२) प्रेपकमको सदस्य पदमा उम्मेदवारी दिनका लागि तोकिएबमोजिमको योग्यता पुगेको हुनु पर्नेछ।

(३) प्रेपकमले आफ्ना गतिविधिहरू नेसनल बोर्डले निर्धारण गरेको गभर्नेन्स क्यालेन्डरलाई आधारमा लिई गर्नेछ।

(४) प्रेपकमले आवश्यकताअनुसार अनलाइन वा भौतिक उपस्थितमा आफ्नो बैठक बसी यस विधान बमोजिमको सदस्यहरूको क्षेत्रीय भेला र साधारण सभाको आयोजनाका लागि योजना र तयारीका आवश्यक निर्णय लिने र सो निर्णयअनुरूपका कार्यहरू गर्ने गराउने छन्।

## १५. राष्ट्रिय सचिवालय

एम्नेस्टी नेपालको दैनिक कार्य सञ्चालनका लागि एक राष्ट्रिय सचिवालय रहने छ। सचिवालयको सञ्चालनका लागि नेसनल बोर्डले एक जना निर्देशकको नियुक्ति गर्नेछ। निर्देशक नेसनल बोर्डप्रति उत्तरदायी हुनेछ र अन्य कर्मचारीहरूको नियुक्ति, व्यवस्थापन एवं कार्यसम्पादन मूल्याङ्कन निजले गर्नेछ।

## १६. समूह, युथनेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क

(१) **निर्माणाधिन समूहको गठन (Group-in-Formation)**

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ३५ जनाले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावलीको मातहतमा रहने गरी निर्माणाधिन समूह गठन गरी सोअन्तर्गत रहने गरी सदस्यतासमेतका लागि आवेदन दिएमा यसरी आवेदन दिने व्यक्तिहरूको पृष्ठभूमिको अनुसन्धान र विश्लेषण गरी नेसनल बोर्डले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आवश्यकता र सदस्यता अभिमुखीकरण तथा प्रशिक्षणका लागि विद्यमान क्षमता, श्रोत, साधन तथा उक्त स्थानमा प्रस्तावित निर्माणाधीन समूह स्वायत्त ढङ्गमा दिगो तवरमा स्वसञ्चालनमा रहन सक्ने वा नसक्ने लगायतका पारिस्थिक मूल्याङ्कन र वस्तुगत विश्लेषणका आधारमा निर्माणाधीन समूहको रूपमा स्वीकृति दिन सक्ने छ। निर्माणाधिन समूहको मान्यताका लागिः

(क) निर्माणाधिन समूहको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।

(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(२) **समूहको आबद्धता**

उपदफा (१) बमोजिम गठित निर्माणाधिन समूहहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको समूहका रूपमा आबद्ध हुन सक्ने

छन्। एम्नेस्टी नेपालमा आबद्ध समूहलाई समूह नम्बर प्रदान गरिने छ। यसरी समूहका रूपमा आबद्धता प्राप्त गर्नः

(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।

(ख) न्यूनतम ३५ जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ।

(ग) न्यूनतम छ महिना निर्माणाधिन समूहको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।

(घ) तोकिएको ढाँचामा समूहको विनियम समूह साधारणसभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ।

(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(च) समूहको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।

(३) **निर्माणाधीन युथनेटवर्क (Youth Network in Formation)**

नेपालको कुनै पनि स्थानमा रहेका न्यूनतम ३५ जना १६ वर्षदेखि २५ वर्ष उमेर समूहका व्यक्तिहरूले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको विधान र नियमावलीको मातहतमा रहने गरी एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको निर्माणाधीन युथ नेटवर्क गठन गरी सो मातहत आफूहरू एम्नेस्टी नेपाल शाखाको मानवअधिकार अभियानमा सक्रिय हुने अभिप्राय उल्लेख गर्दै आवेदन दिएमा नेसनल बोर्डले एम्नेस्टी इन्टरनेसनल नेपाल शाखाको आवश्यकता र सदस्यता अभिमुखीकरण तथा प्रशिक्षणका लागि विद्यमान क्षमता, श्रोत, साधन तथा उक्त स्थानमा प्रस्तावित निर्माणाधीन युथनेटवर्क स्वायत्त ढङ्गमा दिगो तवरमा स्वसञ्चालनमा रहन सक्ने वा नसक्ने लगायतका पारिस्थिक मूल्याङ्कन र वस्तुगत विश्लेषणका आधारमा निर्माणाधीन युथनेटवर्कका रूपमा स्वीकृति दिन सक्ने छ। निर्माणाधीन युथ नेटवर्कको मान्यताका लागिः

(क) निर्माणाधीन युथ नेटवर्कको आबद्धताअघि नै एम्नेस्टी इन्टरनेसनलको आधारभूत गतिविधि गर्नसक्ने आधारहरू नेसनल बोर्ड समक्ष प्रस्तुत गरेको हुनुपर्ने छ।

(ख) तोकिएबमोजिमको शुल्क भुक्तानी गर्नु पर्दछ।

(ग) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(४) **युथ नेटवर्कको आबद्धता**

उपदफा (३) बमोजिम एम्नेस्टी नेपालका निर्माणाधीन युथ नेटवर्कहरू नेसनल बोर्डको निर्णय र अन्तर्राष्ट्रिय सचिवालयको समर्थनमा एम्नेस्टी नेपाल शाखाको युथ नेटवर्कका रूपमा आबद्ध हुन सक्ने छन्। यसरी युथ नेटवर्कका रूपमा आबद्धता प्राप्त गर्नः

(क) तोकिए बमोजिमको शुल्क भुक्तानी गरेको हुनुपर्नेछ।

(ख) न्यूनतम ३५ जना सदस्य आबद्ध रहेको हुनुपर्ने छ।

(ग) न्यूनतम छ महिना निर्माणाधीन युथ नेटवर्कको रूपमा कार्य गरिसकेको हुनुपर्ने छ।

(घ) तोकिएको ढाँचामा युथ नेटवर्कको विनियम, युथ नेटवर्क साधारण सभाबाट पारित गराई स्वीकृतिका लागि नेसनल बोर्डमा पेस गरिसकेको हुनुपर्ने छ।

(ङ) तोकिएबमोजिमका अन्य प्रक्रियाहरू पुरा गरेको हुनुपर्ने छ।

(च) युथ नेटवर्कको मान्यता सम्बन्धमा नेसनल बोर्डले बढीमा दुई वर्ष भित्रमा निर्णय दिनुपर्ने छ।

(५) **समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्यसमिति**

(क) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणाधीन युथनेटवर्कहरूले प्रत्येक वर्ष तोकिएबमोजिम साधारणसभा सम्पन्न गर्नु पर्नेछ र प्रत्येक दुई वर्षमा नयाँ कार्यसमिति चयन गर्नुपर्नेछ।

(ख) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूले आफ्नो अनुकुलताअनुसार ७ देखि ९ सदस्यीय कार्यसमिति गठन गर्न सक्नेछन्। त्यस्तो कार्यसमिति समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्कहरूको साधारणसभाबाट निर्वाचित गरिनेछ।

(ग) कार्यसमितिमा कम्तीमा ३३ प्रतिशत महिला अनिवार्य हुनुपर्ने छ।

(घ) समूह, युथ नेटवर्क, निर्माणधिन समूह र निर्माणधिन युथनेटवर्क कार्य समितिको पदावधि दुई वर्षको हुने छ।

(६) **समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कका काम, कर्तव्य तथा अधिकारहरू**

(क) प्रत्येक समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले ६-६ महिनामा आफ्नो सदस्यता, गतिविधिका विवरण, आर्थिक स्थिति र अन्य सम्बन्धित विषयहरूसम्बन्धी तोकिएबमोजिमको विवरण राष्ट्रिय सचिवालयलाई उपलब्ध गराउनुपर्ने छ।

(ख) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको कार्यसमितिको बैठक वर्षमा कम्तिमा चार पटक बस्नु पर्नेछ।

(ग) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कको साधारणसभा प्रत्येक वर्ष बस्नुपर्ने छ।

(घ) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कहरूले एम्नेस्टी नेपालको राष्ट्रिय रणनीतिक योजना तथा एम्नेस्टीको नीतिको परिधिभित्र रही वार्षिक न्यूनतम तिन ओटा सार्वजनिक कार्यक्रम सञ्चालन गर्नुपर्ने छ।

(ङ) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले आफ्नो नियमित लेखा राख्नुपर्ने छ।

(च) आफ्ना क्रियाकलापहरू नियमित रूपमा सञ्चालन गर्नका लागि समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले तोकिएको ढाँचाको विनियम तयार गर्नुपर्ने छ जुन नेसनल बोर्डबाट अनुमोदन भएपछि लागू हुने छ।

(छ) सदस्यता वृद्धि गर्नुपर्ने छ।

(ज) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्क सञ्चालन र अभियानका लागि आवश्यक अर्थ सङ्कलन गर्नु पर्नेछ। अर्थसङ्कलन गर्दा एम्नेस्टीको आर्थिक एवं अर्थसङ्कलनसम्बन्धी नीति पालना गर्नु पर्नेछ।

(७) समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कलाई कुनै अनुदान वा ऋण उपलब्ध गराउन र समूह, युथ नेटवर्क, निर्माणाधीन समूह र निर्माणाधीन युथनेटवर्कले लिएको अनुदान वा ऋण भुक्तान गर्न नेसनल बोर्ड जिम्मेवार हुने छैन।

(८) **समूह र युथ नेटवर्क विघठनः**

(क) एम्नेस्टीको समूह र युथनेटवर्कका रूपमा आबद्धताको मान्यता रहिरहनका लागि तोकिएबमोजिका आधार र प्रक्रिया पुरा नगरेका समूह र युथनेटवर्कहरूलाई प्रक्रिया पूरा गरी नेसनल बोर्डले समूह र युथनेटवर्क विघटनसम्बन्धी निर्णय गर्न सक्नेछ।

(ख) आधार र प्रक्रिया पूरा गर्न नसकेको कुनै समूह वा समूहहरू र युथ नेटवर्क वा युथनेटवर्कहरूबाट मर्जरको लागि माग भै आएमा नेसनल बोर्डले तोकिएअनुसार स्वीकृती दिन सक्ने छ।

## भाग-५
## आर्थिक व्यवस्था

### १७. संस्थाको कोष

(१) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा देहायबमोजिम प्राप्त भएका सबै चल, अचल सम्पत्ति एम्नेस्टी नेपालको सम्पत्ति हुने छ।

(क) सदस्य तथा समूह वा युथनेटवर्कहरूबाट प्राप्त हुने प्रवेश शुल्क, सदस्यता शुल्क, वार्षिक शुल्कहरू तथा अन्य सहयोगस्वरूप प्राप्त नगद तथा जिन्सी,

(ख) स्वदेशी तथा विदेशी व्यक्ति तथा निकायबाट प्राप्त सहयोग तथा अनुदान,

(ग) संस्थाबाट गरिएका विभिन्न प्रकाशनको बिक्रीबाट आर्जन भएको रकम र अन्य अर्थसङ्कलन क्रियाकलापहरूबाट प्राप्त रकम,

(घ) बैङ्क तथा वित्तीय संस्थाहरूबाट लिइएको ऋण आदि।

(ङ) अन्तर्राष्ट्रिय सचिवालय वा अन्य ए.आई. संरचना वा अन्य ए.आई. शाखाहरूबाट प्राप्त सहयोग, अनुदान, ऋण आदि।

(२) एम्नेस्टी नेपालको सम्पूर्ण सम्पत्तिको हिसाबकिताब दुरुस्त राखिने छ।

(३) एम्नेस्टी इन्टरनेसनल नेपालको नाममा स्वदेशी वा विदेशी सरकारबाट आर्थिक सहयोग स्वीकार हुने छैन तर मानवअधिकार शिक्षा कार्यक्रमहरूका लागि इन्टरनेसनल बोर्डले तोकेबमोजिम पूर्व स्वीकृति लिएर वा निश्चित सहयोग लिनका लागि एम्नेस्टी इन्टरनेसनल अन्तर्राष्ट्रिय सचिवालयले तोकेको अन्य प्रक्रिया पुरा गरी सरकारी आर्थिक सहयोग लिन सकिनेछ।

(४) एम्नेस्टी नेपालका सबै सम्पत्ति तथा श्रोतहरू यस विधानको भाग दुईमा उल्लिखित उद्देश्यहरू पूरा गर्नका लागि परिचालन गरिने छन्।

(५) विदेशस्थित संस्था वा व्यक्तिबाट आर्थिक सहयोग तथा अनुदान लिँदा यस संस्थाले समाज कल्याण परिषद्को स्वीकृति लिनेछ।

### १८.संस्थाको कोषको सञ्चालन प्रक्रिया

(१) एम्नेस्टी नेपालको नाममा प्राप्त हुने सबै नगद सम्पत्ति तोकिएको बैङ्क वा बैङ्कहरूमा तोकेबमोजिमको खाता खोली जम्मा गरी राखिने छ।

(२) एम्नेस्टी नेपाल शाखाको बैङ्क खाता अध्यक्ष, महासचिव, कोषाध्यक्ष र निर्देशकमध्ये कुनै दुईको हस्ताक्षरबाट सञ्चालन हुनेछ तर दुईमध्ये कोषाध्यक्षको हस्ताक्षर अनिवार्य हुनेछ।

**१९.लेखापरीक्षण**

(१) हरेक आर्थिक वर्षको अन्त्यमा संस्थाको आय-व्यय तथा सम्पत्तिको विवरण साधारण सभाले तोकेबमोजिमको मान्यता प्राप्त लेखापरीक्षकबाट लेखापरीक्षण गराई साधारणसभाबाट पारित गराइने छ।

(२) त्यसरी पारित गरिएको लेखापरीक्षण प्रतिवेदन वार्षिक रूपमा स्थानीय अधिकारी, समाज कल्याण परिषद् र एम्नेस्टी इन्टरनेसनलको अन्तर्राष्ट्रिय सचिवालयमा पेस गरिने छ।

## भाग-६
## विधान संशोधन

**२०.विधान संशोधन**

(१) नेसनल बोर्डले आवश्यक सम्झेमा वा एम्नेस्टी नेपालको कुनै समूह वा युथनेटवर्क वा कूल व्यक्तिगत सदस्यहरूको एक तिहाई सदस्यले आफ्नो निर्णयसाथ नेसनल बोर्डसमक्ष संशोधन प्रस्ताव पेस गरेमा नेसनल बोर्डले त्यस्तो विधान संशोधन प्रस्ताव साधारणसभामा पेस गर्न सक्नेछ।

(२) समूह वा युथनेटवर्कले पेस गर्ने विधान संशोधनसम्बन्धी प्रस्ताव समूह वा युथनेटवर्कको कार्यसमिति वा साधारणसभाबाट र नेसनल बोर्डले पेस गर्ने प्रस्ताव नेसनल बोर्डको बैठकबाट पारित भएको हुनु पर्नेछ।

(३) विधान संशोधनसम्बन्धी प्रस्ताव साधारणसभा हुनुभन्दा ३० दिन अगावै राष्ट्रिय सचिवालयमा दर्ता गराउनुपर्ने छ।

(४) यसरी दर्ता हुन आएको विधान संशोधनसम्बन्धी प्रस्ताव सचिवालयले साधारणसभा सुरु हुनुभन्दा २१ दिन अगावै सम्पूर्ण समूह, युथ नेटवर्क र व्यक्तिगत सदस्यहरूमा पठाउनुपर्ने छ।

(५) समूह वा युथनेटवर्कबाट आएको विधान संशोधनसम्बन्धी प्रस्तावमा नेसनल बोर्डले उपयुक्त देखेमा संशोधन प्रस्ताव पेस गर्न सक्ने छ।

(६) उल्लिखित विधान संशोधन प्रस्ताव वा सो प्रस्तावलाई संशोधन गर्नेसम्बन्धी प्रस्ताव दुवैलाई साधारणसभामा छलफलमा ल्याइने छ।

(७) प्रस्तुत संशोधन प्रस्ताव साधारणसभामा उपस्थित मताधिकार प्राप्त प्रतिनिधिहरूको दुई तिहाई बहुमतबाट पारित भएमा विधान संशोधन हुने छ।

## भाग-७
## विविध

**२१.अविश्वासको प्रस्ताव**

(१) देहायको अवस्थामा एम्नेस्टी नेपालको सम्पूर्ण समूह वा युथ नेटवर्कहरूको २५ प्रतिशतले आफ्नो समूह वा युथनेटवर्कको कार्य समितिको निर्णयका साथ संयुक्त रूपमा नेसनल बोर्ड वा पुनरावेदन समितिका पदाधिकारीविरुद्ध एम्नेस्टी नेपालको सचिवालयमा अविश्वासको प्रस्ताव दर्ता गराउन सक्नेछन्।

(क) संस्थाको कार्यदिश विपरीत काम गरेमा।

(ख) संस्थाको हितविपरीतको कार्य गरेमा।

सचिवालयले त्यस्तो प्रस्ताव दर्ता भएको ४५ दिनभित्रमा साधारण सभाको आकस्मिक बैठक बोलाई अविश्वासको प्रस्तावउपर छलफल गराउनु पर्ने छ। यदि ९० दिनभित्र साधारण सभा आह्वान गरिएको भएमा सोही नियमित बैठकमा यस्तो प्रस्ताव पेस गरिने छ। नेसनल बोर्डउपरको अविश्वास प्रस्तावमा सभाको अध्यक्षता साधारणसभाले तोकेको व्यक्तिले गर्ने छ।

(२) यसरी अविश्वासको प्रस्तावउपर छलफल हुँदा सफाइको मौकाबाट वञ्चित गरिने छैन।

(३) साधारण सभाको आकस्मिक बैठकमा उपस्थित मताधिकार प्राप्त सदस्यहरूको दुई तिहाई बहुमतबाट अविश्वासको प्रस्ताव पारित भएको खण्डमा नेसनल बोर्ड वा पुनरावेदन समिति भङ्ग हुने छ र सोही सभाबाट नयाँ नेसनल बोर्ड वा पुनरावेदन समितिको निर्वाचन गरिने छ।

(४) अविश्वासको प्रस्ताव वर्षमा एकपटक भन्दा बढी ल्याउन सकिने छैन।

२२. यस विधानमा जुनसुकै कुरा लेखिएको भए तापनि एम्नेस्टी इन्टरनेसनलको ग्लोबल असेम्ब्ली, इन्टरनेसनल बोर्ड तथा अन्तर्राष्ट्रिय सचिवालयबाट भएका निर्णय, निर्देशन तथा एम्नेस्टी इन्टरनेसनलको विधान र प्रचलित नेपाल कानुनसँग बाझिएमा बाझिएको हदसम्म स्वतः अमान्य हुने छ।

## २३. संस्थाको विघटनः

(१) एम्नेस्टी नेपालको विघटनको सिफारिस एम्नेस्टी नेपालको साधारण सभा बैठकमा उपस्थित प्रतिनिधिहरूको दुई तिहाई बहुमतले मात्र गर्न सक्ने छ।

(२) एम्नेस्टी नेपालको विघटनसम्बन्धी अन्तिम निर्णय इन्टरनेसनल बोर्डबाट हुने छ।

(३) विघटनपश्चात् एम्नेस्टी नेपालको ऋण तथा दायित्वहरू फछ्र्यौट गरी बाँकी रहेको सम्पत्ति इन्टरनेसनल बोर्डको सहमतिमा नेपाल सरकारको हुनेछ।

## २४. विधानको व्याख्या

यस विधानलाई व्याख्या गर्ने अधिकार नेसनल बोर्डसँग रहने छ। व्याख्यामा गम्भीर मतभेद उत्पन्न भएमा अन्तिम व्याख्या गर्ने अधिकार भने क्रमशः साधारणसभा र अन्तर्राष्ट्रिय सचिवालयमा निहित रहने छ।

## २५. खारेजी तथा बचाऊ

यो विधान लागू हुनुअघि भए गरेका कार्यहरू यसै विधानअनुरूप भएको मानिने छ।

♣ समाप्त ♣